नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## खरिद तथा बिक्री खाता प्रमाणित गर्ने म्याद थप सम्बन्धी सूचना

मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरुले मूल्य अभिवृद्धि कर ऐन, २०५२ (संशोधन सहित) को दफा १६(३) बमोजिम प्रत्येक वर्ष कर अधिकृतबाट खरिद तथा बिक्री खाता प्रमाणित गराउनु पर्ने कानूनी प्रावधान रहेको छ । सो सम्बन्धमा यस विभागको मिति २०६०।०५।३० को निर्णयानुसार मासिक कर विवरण पेश गर्ने करदातालाई श्रावण महिना भित्र तथा चौमासिक कर विवरण पेश गर्ने करदातालाई कार्तिक महिना भित्र खाता प्रमाणित गराउनु पर्ने गरी परिपत्र गरिएकोमा हाल विश्वव्यापीरुपमा फैलिएको कोभिड १९ को संक्रमणबाट उत्पन्न असहज परिस्थितिलाई दृष्टिगत गरी आर्थिक वर्ष २०७७।०७८ का लागि मासिक / द्विमासिक / चौमासिक कर विवरण बुझाउने करदाताको खाता प्रमाणित गर्ने म्याद २०७७ पुस मसान्त सम्म कायम गरिएको छ । साथै ठूला करदाता कार्यालय तथा मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गत दर्ता रही काठमाडौं उपत्यका वाहिर कारोवारस्थल वा कार्यालय रहेका करदाताहरुले आफ्नो कारोवारस्थल वा कार्यालय रहेको क्षेत्रमा पर्ने आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा गई आ.व. २०७७।०७८ का लागि खाता प्रमाणित गराउन सक्ने व्यहोरा सम्बन्धित सवैको जानकारी लागि अनुरोध छ ।